# नेपाल सरकार
# शिक्षक सेवा आयोग
## सानोठिमी भक्तपुर

Email :
tscexamsection1@gmail.com
Website: www.tsc.gov.np

पत्रसंख्या २०८०/८१
चलानी नं. ३७७

मिति: २०८०/०८/१७

श्री शिक्षा विकास तथा समन्वय इकाई

७७ जिल्ला सबै ।

विषय: अध्यापन अनुमतिपत्र उत्तीर्ण भएको व्यहोरा प्रमाणित गर्ने सम्बन्धमा।

शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन नम्बर ४०/०८० निम्न माध्यमिक तह, अध्यापन अनुमतिपत्र लिखित परीक्षाको नतिजा प्रकाशन गरिएकोमा उतीर्ण उम्मेदवारहरुको अध्यापन अनुमतिपत्र छपाई गरी वितरण गर्न केही समय लाग्ने भएकोले यदि कुनै उत्तीर्ण उम्मेदवारले कुनै विद्यालयबाट विज्ञापन भएको शिक्षक पदमा नियुक्तिका लागि आवेदन दिने प्रयोजन खुलाई अध्यापन अनुमतिपत्रको परीक्षामा उत्तीर्ण भएको प्रमाणित गरिदिन निम्नलिखित कागजात समेत संलग्न राखी निवेदन दिएमा यस आयोगको वेबसाइटमा प्रकाशित नतिजासँग भिडाई न्यूनतम योग्यता पूरा भएको यकिन गरी अध्यापन अनुमति पत्र उत्तीर्ण भएको व्यहोरा अधिकृतस्तरको कर्मचारीबाट प्रमाणित गरी दिने व्यवस्था गर्नुहुन निर्देशानुसार अनुरोध गरिन्छ।

(सुशिला कुमारी शाह)
शाखा अधिकृत

**प्रमाणित गर्दा पेश गर्नु पर्ने कागजातहरु**

१. निवेदन,
२. प्रवेशपत्रको प्रतिलिपि,
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दस महिने तालिम पूरा गरेको,
४. तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता भए सोको प्रमाणको प्रतिलिपि,
५. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।